# हिरासत तथा कारागार अनुगमन

# निर्देशिका, २०७९

प्रदेशमा रहेका हिरासत तथा कारागारहरुको अनुगमन गर्ने कार्यको प्रभावकारी कार्यान्वयनको लागी मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७५ को दफा १८ वमोजीम कर्णाली प्रदेशको मुख्य न्यायाधिवक्ताबाट यो निर्देशिका जारी गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "हिरासत तथा कारागार अनुगमन निर्देशिका, २०७९" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

## प्रारम्भिक

## परिच्छेद - एक

२. **परिभाषाः** विषय वा प्रसँगले अन्य अर्थ नलागेमा;

(क) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले कर्णाली प्रदेशको "मुख्य न्यायाधिवक्ताको काम, कर्तब्य र अधिकार तथा सेवाका अन्य शर्तसम्बन्धी ऐन, २०७५" सम्झनु पर्छ ।

(ग) "मुख्य न्यायाधिवक्ता" भन्नाले संविधानको धारा १६० बमोजिम नियुक्त मुख्य न्यायाधिवक्ता सम्झनु पर्छ ।

(घ) "अदालत" भन्नाले भन्नाले सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला अदालत सम्झनु पर्छ र सो शब्दले कानुन बमोजिम मुद्दाको कारबाही र किनारा गर्न अधिकार प्राप्त अन्य अदालत, न्यायिक निकाय वा अधिकारी समेतलाई जनाउँछ ।

(ङ) "प्रदेश" भन्नाले कर्णाली प्रदेश सम्झनु पर्छ ।

(च) "यातना" भन्नाले मुलुकी अपराध संहिता, २०७४ को दफा १६७ अन्तर्गतको कसुर सम्झनु पर्छ ।

(छ) "अनुगमन समिति" भन्नाले यस निर्देशिकाको दफा ३ वमोजिम गठन हुने समिति सम्झनुपर्छ ।

(ज) "हिरासत" भन्नाले प्रदेश अन्तर्गत रहेका प्रहरी हिरासत तथा थुनामा राख्न अधिकारप्राप्त निकाय अन्तर्गत रहने थुना केन्द्रहरुलाई सम्झनुपर्छ । सो शब्दले कुनै ब्यक्तिलाई थुनामा राख्न प्रयोग गरिएको नीजि तथा सार्वजनिक भवन र गोप्य थुनास्थललाई समेत जनाउछ ।

(झ) "कारागार" भन्नाले प्रदेश अन्तर्गत रहेका कारागारहरु सम्झनु पर्छ ।

## परिच्छेद - दुई

३. **अनुगमन समितिको गठन तथा संचालन:** (१) मुख्य न्यायाधिवक्ताको प्रत्यक्ष रेखदेख तथा निर्देशनमा रहने गरि हिरासत तथा कारागार अनुगमनको लागी कम्तीमा एकजना महिलासहित देहाय वमोजिमको एक अनुगमन समिति रहनेछ ।

(क) मुख्य न्यायाधिवक्ताको कार्यालयको वरिष्ठ अधिकृत ................................. संयोजक

(ख) महान्यायाधिवक्ताको कार्यालय अर्न्तगतको सम्बन्धित जिल्ला सरकारी वकिल

कार्यालयहरुमा कार्यरत अधिकृत ......................................................... सदस्य

(ग) प्रदेश स्थित अस्पतालले तोकेको एकजना चिकित्सक ................................ सदस्य

(घ) प्रदेश स्थित उच्च अदालत बार एशोसिएसनले तोकेको एक जना प्रतिनिधि ......सदस्य

(ङ) मुख्य न्यायाधिवक्ताले तोकेको एकजना मनोविज्ञ वा मनोसामाजिक कार्यकर्ता ... सदस्य

(च) मानवअधिकारको क्षेत्रमा क्रियाशिल व्यक्तिहरु मध्येबाट समितिले मनोनित गरेको

एक जना .................................................................................. सदस्य

(छ) मुख्य न्यायाधिवक्ताले मनोनयन गरेको मुख्य न्यायाधिवक्ता कार्यालयमा कार्यरत

अधिकृत .................................................................................. सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको अनुगमन समितिका संयोजक तथा सदस्यहरुलाई आवश्यक तालीम तथा प्रशिक्षणको व्यवस्था मुख्य न्यायाधिवक्ताको कार्यालयले गर्नेछ ।

(३) अनुगमनमा खटिने समितिका संयोजक तथा सदस्यहरुलाई आवश्यक पर्ने श्रोतसाधन जस्तै क्यामरा, रेकर्डर, स्टेशनरी आदिको व्यवस्थापन मुख्य न्यायाधिवक्ताको कार्यालयले गर्नेछ ।

(४) अनुगमन समितिको वैठक महिनामा कम्तीमा एकपटक वस्नेछ । साथै अनुगमनमा खटिएको सदस्यले कुनै खास घटना, हिरासत वा कारागारमा कुनै थुनुवा वा कैदीबन्दीलाई चिकित्सक वा मनोचिकित्सकको सेवा आवश्यक भएको भनि प्रतिवेदन दिएकोमा त्यस्तो चिकित्सक सहित अनुगमन समितिले तत्काल पुनः अनुगमन गर्नेछ ।

(५) उपदफा (१) को खण्ड (ख) बमोजिमको सदस्य महान्यायाधिवक्ताको कार्यालयले तोके बमोजिम हुनेछ ।

४. उपदफा (३) वमोजिमको अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

(क) आफ्नो अधिकारक्षेत्रभित्र रहेका हिरासत केन्द्रको प्रत्येक महिनामा कम्तीमा एकपटक र कारागार कार्यालयको प्रत्येक तीन महिनामा कम्तीमा एकपटक अनुगमन निरिक्षण गर्नेछ ।

(ख) खण्ड (क) बमोजिम हिरासत केन्द्र तथा कारागारको अनुगमन निरिक्षण गर्दा निर्देशिकाको अनुसूची १, बमोजिम चेकलिष्टको आधारमा गर्नुपर्नेछ ।

(ग) अनुगमन समिति वा यसको सदस्यले अनुगमन गर्दा कुनै थुनुवा वा कैदीबन्दीलाई यातना दिइएको कारणले शारिरीक वा मानसिक समस्या रहेको पाएमा तत्काल चिकित्सक र मनोचिकित्सक सहितको टोलीले पुनः अनुगमन गरि यातनाको विस्तृत दस्तावेजीकरण गर्नेछ ।

(घ) कुनै थुनाकेन्द्र, हिरासत वा कारागारमा कुनै थुनुवा वा कैदीबन्दीलाई गैर कानुनी थुनामा राखिएको, यातना दिइएको वा अन्य कुनै किसिमको मानवअधिकार उल्लंघनजन्य व्यवहार गरिएको भनि कुनै पक्षबाट लिखित, मौखिक वा अन्य कुनै व्यहोराको उजुरी प्राप्त भएमा मुख्य न्यायाधिवक्ता स्वयम्ले पनि त्यस्तो थुनाकेन्द्र वा कारागारको अनुगमन गर्नसक्नेछ वा अनुगमनका लागी समितिलाई निर्देशन दिन सक्नेछ ।

(ङ) खण्ड (ग) र (घ) बमोजिमको अनुगमनबाट कुनै थुनाकेन्द्र, कारागार वा हिरासतमा रहेका कुनै थुनुवा वा कैदीबन्दीलाई कसैले यातना दिएको वा उनीहरुसंग मानवोचित व्यवहार नभएको पाइएमा मुख्य न्यायाधिवक्ताले पीडित थुनुवा वा कैदीबन्दीको सुरक्षाको लागि सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(च) यस निर्देशिकाबमोजिम गरिएको अनुगमनबाट कुनै थुनुवा वा कैदीबन्दीलाई गैरकानुनी थुनामा राखिएको, यातना दिइएको वा अन्य कुनै किसिमको दुर्व्यवहार भएको पाइएमा त्यस्तो पीडितको तत्काल स्वास्थ्य उपचार गराई सो को प्रतिवेदन मुख्य न्यायाधिवक्ता कार्यालयलाई पठाउन निर्देशन दिन सक्नेछ । गैरकानुनी थुनामा राखिएको भए तत्काल थुनामुक्त गर्ने सिफारिससहित मुख्य न्यायाधिवक्तालाई प्रतिवेदन दिनुपर्नेछ ।

(छ) अनुगमनको क्रममा यातना दिने तथा अन्य क्रुर तथा अमानवीय व्यवहार गर्ने व्यक्ति वा त्यस्तो व्यक्तिको सहकर्मीबाट सम्बन्धित पीडित व्यक्तिलाई कुनै किसिमको दबाब दिने वा डर, त्रास वा खतरामा पार्नसक्ने आशंका देखिएमा त्यस्तो पीडितको सुरक्षाको लागी आवश्यक व्यवस्था मिलाउन सम्बन्धित कार्यालय प्रमुखलाई निर्देशन दिन सक्नेछ ।

(ज) हिरासत वा कारागारमा क्षमताभन्दा बढी थुनुवा, कैदीबन्दी वा बालबालिकाहरु रहेको पाइएमा आवश्यक व्यवस्था मिलाउन सम्बन्धित कार्यालय प्रमुखलाई निर्देशन दिन सक्नेछ ।

(झ) मुख्य न्यायाधिवक्ताले हिरासत वा कारागारमा बयस्क थुनुवाहरुसंगै कुनै नावालकलाई राखिएको पाएमा त्यस्तो नावालकलाई तत्काल बाल सुधार केन्द्रमा पठाउनु वा अभिभावकको जिम्मामा दिनु भनि सम्बन्धित अधिकारीलाई निर्देशन दिन सक्नेछ ।

(ञ) हिरासतमा रहेका कुनै थुनुवालाई पक्राउ पुर्जी नदिई वा कारागारमा रहेका कुनै थुनुवा वा कैदीबन्दीलाई पक्राउ वा कैदी पूर्जी नदिई गैर कानुनी थुना वा कैदमा राखिएको पाईएमा त्यस्तो थुनुवा वा कैदीबन्दीलाई तत्काल रिहा गर्न सम्बन्धित अधिकारीलाई निर्देशन दिन सक्नेछ ।

(ट) मुख्य न्यायाधिवक्ताले हिरासत वा कारागारमा रहेको कुनै थुनुवा वा कैदीबन्दीले कमजोर आर्थिक अवस्था वा अन्य कुनै कारणले कानुन व्यवसायी राख्न नसकेको अवस्था रहेको पाएमा निःशुल्क कानुनी सेवाको व्यवस्था मिलाउन सम्बन्धित निकायलाई निर्देशन दिन सक्नेछ ।

(ठ) अनुगमनका क्रममा हिरासत वा कारागारमा रहेका थुनुवा वा कैदीबन्दीलाई कानुन वमोजीम उपलब्ध गराउनु पर्ने स्वास्थ्य सेवा, सरसफाई, पोषण, सफा पानी, प्रयाप्त र प्रकाशयुक्त ठाँउ, पत्रपत्रिका, शारिरीक गतिविधी तथा परिवारको सदस्य एवं कानुन व्यवसायीसंगको भेटघाटसँग सम्बन्धित विषयमा कुनै किसिमको गुनासो वा उजुरी प्राप्त गरेमा सो सम्बन्धमा आवश्यकतानुसार सम्बन्धित अधिकारीसंग छलफल गरि कुनै कमी कमजोरी रहेको पाएमा आवश्यक व्यवस्था मिलाउन निर्देशन दिनेछ ।

(ड) अनुगमनबाट कुनै हिरासत वा कारागारको भौतिक संरचना तथा व्यवस्थापनमा गम्भीर समस्या देखिई सुधारको लागि तत्तकालै केही गर्नुपर्ने अवस्था रहेको वा कुनै थुनुवा वा कैदीबन्दीलाई गैरकानुनीरुपमा थुनामा राखिएको, यातना दिइएको वा अन्य कुनै किसिमको दुर्व्यवहार गरिएको पाईएमा सो सम्बन्धि प्रतिवेदन यथासक्य छिटो लिखित, मौखिक वा इमेल वा संचारका अन्य माध्यमबाट अनुगमन गर्ने सदस्यले समितिलाई र समितिले मुख्य न्यायाधिवक्तालाई दिनु पर्नेछ ।

५. उपदफा ४(ग) बमोजिम प्राप्त प्रतिवेदन वा प्रदेश अन्तर्गतको कुनै हिरासत वा कारागारमा कुनै थुनुवा वा कैदीबन्दी वा कानुनको विवादमा परि हिरासत वा कारागारमा राखिएको कुनै बालबालिकालाई गैर कानुनीरुपमा थुनामा राखिएको, यातना दिइएको वा अन्य कुनै किसिमको दुर्व्यवहार गरिएको भनि कुनै व्यक्ति वा संघसंस्थाले कुनै किसिमको लिखित वा मौखिक उजुरी दिएमा वा सार्वजनिक संचारमाध्याम वा सामाजिक सञ्जालबाट जानकारी पाएमा मुख्य न्यायाधिवक्ताले देहायबमोजिमको काम कारवाही गर्न सक्नेछ ।

(क) सम्बन्धित हिरासत वा कारागारको तत्काल अनुगमन निरिक्षण गरी सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(ख) प्रदेश मुख्य न्यायाधिवक्ताको अधिकारक्षेत्रभित्र रहेका थुनाकेन्द्र, कारागार वा हिरासतमा रहेका कुनै थुनुवा वा कैदीबन्दीलाई कसैले यातना दिएको वा उनीहरुसंग मानवोचित व्यवहार नभएको भनी कुनै उजुरी पर्न आएमा तत्काल सो थुना वा हिरासतमा गई अनुगमन गरि सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने ।

(ग) मुख्य न्यायाधिवक्ताको अनुगमन निरीक्षणबाट समेत कुनै थुनुवा वा कैदीबन्दीलाई यातना दिइएको वा अन्य कुनै किसिमको दुर्व्यवहार भएको कारणबाट त्यस्तो पीडितको तत्काल स्वास्थ्य उपचार गर्नु

पर्ने देखिएमा त्यस्तो उपचार उपलब्ध गरि गराई सो को प्रतिवेदन मुख्य न्यायाधिवक्ता कार्यालयलाई पठाउन निर्देशन दिन सक्नेछ ।

(घ) मुख्य न्यायाधिवक्ताको अनुगमन निरिक्षणबाट समेत कुनै व्यक्तिको थुना वा कैदमा राखेको कार्य गैरकानुनी रहेको पाइएमा त्यस्तो थुनुवा वा कैदीबन्दीलाई तत्काल थुनामुक्त गर्न प्रक्रिया अघि बढाउन निर्देशन दिन सक्नेछ ।

६. उपदफा (५) मा उल्लेखित विषयका अतिरिक्त मुख्य न्यायाधिवक्ताले देहायबमोजिम थप काम कारवाही गर्न सक्नेछः

(क) मुख्य न्यायाधिवक्तको अनुगमन निरिक्षणबाट कुनै थुनुवा वा कैदीबन्दीलाई यातना दिइएको वा अन्य कुनै किसिमको दुर्व्यवहार भएको पाएमा त्यस्तो घटनाको थप अनुसन्धान तहकिकात गर्न र कानुन बमोजिम कारवाही गर्न सम्बन्धित अधिकारीलाई निर्देशन दिन सक्नेछ ।

(ख) मुख्य न्यायाधिवक्ताले अनुगमन निरिक्षणबाट प्रदेश अन्तर्गतका हिरासत वा कारागारको भौतिक संरचनाको मरमत, सुधार वा नयाँ निर्माण गरी क्षमता बृधि गर्नु पर्ने देखेमा सो सम्बन्धमा सम्बन्धित मन्त्रालयलाई सिफारीस गर्न सक्नेछ ।

(ग) मुख्य न्यायाधिवक्ताले अनुगमन निरिक्षणका क्रममा प्रदेश अन्तर्गतका सबै वा कुनै हिरासत वा कारागारमा स्रोतको अभावमा थुनुवा कैदीबन्दीलाई प्रयाप्त स्वास्थ्य सेवा, सरसफाई, पोषण, खानेपानी, प्रयाप्त र प्रकाशयुक्त ठाँउ तथा पत्रपत्रिक एवं परिवारका सदस्य तथा कानुन व्यवसायीसंग भेटको व्यवस्था गर्न नसकेको भन्ने लागेमा सो सम्बन्धि आवश्यक स्रोतको व्यवस्थापन गर्न सम्बन्धित मन्त्रालयलाई सिफारिश गर्न सक्नेछ ।

(घ) थुनुवा वा कैदीबन्दीहरुको नाम, ढेगाना, पक्राउ वा थुना वा कैदमा राखीएको र कैदमुक्त हुने मिति/समय जस्ता विवरण व्यवस्थित रुपमा राखेको नपाएमा सो विवरणलाई व्यवस्थित रुपमा राख्न निर्देशन दिन सक्नेछ ।

(ङ) मुख्य न्यायाधिवक्ताले उपदफा ६(घ) को निर्देशनको पालना नगरेको वा निर्देशनबमोजिम उल्लेखित विवरण नराखेको पाएमा त्यस्तो निर्देशनको पालना नगर्ने वा निर्देशनानुसार विवरण नराख्ने अधिकारीलाई विभागिय कारवाहीको लागि सम्बन्धित निकाय वा अधिकारीलाई सिफारिस गर्न सक्नेछ ।

## परिच्छेद - तीन

## विविध

७. **हिरासत वा कारागार अनुगमन गर्ने अधिकारीहरुलाई तालीमः** मुख्य न्यायाधिवक्ताको कार्यालयले निर्देशिकाको दफा ४, ५ र ६ वमोजिम हिरासत वा कारागारको अनुगमनमा खटिने अनुगमन समितिका सदस्य र कर्मचारीहरुलाई हिरासत अनुगमनको महत्व, अनुगमन पद्धति, थुनुवा तथा कैदीबन्दीको मानवअधिकार एवं सुरक्षाको संवेदनशीलता, यातना तथा मानवअधिकार उल्लंघनको घटनाको

अभिलेखीकरण लगायत उल्लंघनका पीडितसंग अन्र्तवार्ता गर्दा विचार पुऱ्याउनु पर्ने विषय र अनुशरण गर्नुपर्ने आधारभुत मुल्य, मान्यता र मापदण्डहरुबारे तालीम तथा अभिमुखीकरण कार्यक्रमहरुको व्यवस्थापन र सञ्चालन गर्नेछ ।

८. **स्वास्थ्य उपचार कोष खडा गर्नसक्ने:** (१) मुख्य न्यायाधिवक्ताको कार्यालयले एक स्वास्थ्य उपचार कोषको स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापित कोषमा देहायको रकम जम्मा गर्न सकिनेछ :

(क) संघ, प्रदेश र स्थानिय तहका सरकारबाट प्राप्त रकम,

(ख) स्वदेशी संघ, संस्था वा व्यक्तिबाट स्वेच्छिक रुपमा जम्मा गरेको रकम,

(ग) विदेशी संस्था एवं दातृ निकायबाट प्राप्त रकम,

तर खण्ड (ग) बमोजिमको रकम स्विकार गर्नु पूर्व प्रदेश सरकार अर्थ मन्त्रालयको पूर्व स्विकृती लिनु पर्नेछ ।

(३) कोषको रकम देहायको कार्यमा खर्च गर्न सकिनेछ :

(क) यातना वा अन्य कुनै कारणले शारिरीक वा मानसिक स्वास्थ्यसम्बन्धि गंभीर समस्या उत्पन्न भएको वा उचित स्वास्थ्य उपचार हुन नसकिरहेको थुनुवा वा कैदीबन्दीको स्वास्थ्य उपचार गर्ने,

(ख) उपचारका क्रममा लाग्ने यातायात खर्च व्यहोर्ने,

(ग) उपचाररत थुनुवा तथा कैदीबन्दीको कुरुवा बस्नुपर्ने अवस्था रहेमा त्यस्तो कुरुवाको समेत खाना तथा यातायातमा खर्च गर्ने,

(घ) कमजोर आर्थिक समाजिक अवस्था रहेका थुनुवा तथा कैदीबन्दी प्रति आश्रित परिवारको सदस्यको शिक्षा, स्वास्थ्य र खानामा खर्च गर्ने ।

(४) कोषको लेखा तथा लेखा परिक्षण:

(क) कोषबाट भएको खर्चको अभिलेख मुख्य न्यायाधिवक्ताको कार्यालयको लेखा शाखाले राख्नु पर्नेछ ।

(ख) खर्चको आन्तरिक लेखा परिक्षण प्रदेश सरकार लेखा परिक्षक कार्यालय र नेपाल सरकार महालेखा परिक्षक कार्यालयबाट हुनेछ ।

(५) कोषको प्रभावकारी सञ्चालनको लागि मुख्य न्यायाधिवक्ताको कार्यालयले सम्बन्धित जिल्लाको जिल्ला न्याय समन्वय समिति र अपराध पीडित संरक्षण कोषसँग समन्वय र सहकार्य गर्नेछ ।

९. **आवधिक प्रतिवेदन तथा वार्षिक प्रतिवेदनः** (१) मुख्य न्यायाधिवक्ताको कार्यालयले हिरासत तथा कारागार अनुगमन सम्बन्धी विवरण, समस्या तथा समाधानका उपायहरुवारे आवधिक रुपमा प्रतिवेदन तयार गरि सरोकारवालाहरुसंग परामर्श गर्नेछ ।

(२) दफा ९(१) बमोजिम प्राप्त परामर्श समेतका आधारमा हिरासत र कारागारको अवस्था लगायत ती निकायमा राखिएका थुनुवा तथा कैदी बन्दीहरुले भोग्नु परेका समस्या, सो सम्बन्धमा जारी भएका निर्देशन तथा सिफारिसहरुको कार्यान्वयनको अवस्था र सिफारिस सहितको वार्षिक प्रतिवेदन मुख्य न्यायाधिवक्ताको कार्यालयले सार्वजनिक गर्नेछ ।

१०. यस निर्देशिकामा जुनसुकै कुरा लेखिएको भए तापनि महान्यायाधिवक्ताको कार्यालय वा सो अर्न्तगतको सरकारी वकिललाई संघीय कानुनबमोजिम हिरासत वा कारागारको अनुगमन गर्ने अधिकारमा कुनै बाधा पर्ने छैन ।

## अनुसूचि १

### (निर्देशिकाको दफा ३ को उपदफा (४) खण्ड (ख) संग सम्बन्धित)

हिरासत तथा कारागार अनुगमन/निरीक्षण गर्दा हेर्नुपर्ने विषयहरु (Checklist)

**क. हिरासत केन्द्र तथा कारागार कार्यालयको पूर्वाधार**

(१) महिला, पुरुष, बालबालिका र लैङ्गिक तथा यौनिक अल्पसंख्यक थुनुवाको लागि छुट्टाछुट्टै थुना कक्षहरुको व्यवस्था छ/छैन ?

(२) थुना कक्षको आकार/प्रकार र थुनुवा राख्न सकिने क्षमता :

(क) पुरुष थुना कक्षको आकार र थुनुवा राख्न सकिने क्षमता :

(ख) महिला थुना कक्षको आकार र थुनुवा राख्न सकिने क्षमता :

(ग) बालबालिका कक्षको आकार र क्षमता :

(घ) लैङ्गिक तथा यौनिक अल्पसंख्यक थुना कक्षको आकार र थुनुवा राख्न सकिने क्षमता :

(३) थुना केन्द्र तथा कारागार कार्यालयमा रहेका थुनुवाको संख्या :

(क) पुरुष थुनुवाको संख्या :

(ख) महिला थुनुवाको संख्या :

(ग) बालबालिकाको संख्या :

(घ) लैङ्गिक तथा यौनिक अल्पसंख्यक थुनुवाको संख्या :

(४) थुना कक्षहरुमा घाम, प्रकाश र हावाको अवस्था :

(५) ढोका, झ्याल र भेन्टीलेटरको अवस्था :

(६) सुरक्षाको अवस्था :

(७) पानी चुहिने / नचुहिने र  रंगरोगनको अवस्था :

(८) पाइखाना, पिसावखाना, नुहाउने र लुगाधुने स्थानको संख्या र अवस्था :

(९) पुरुष, महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक थुनुवाका लागि पाइखाना, पिसावखाना, नुहाउने र लुगाधुने स्थान अलग अलग छ/छैन ?

(१०) धार्मिक नित्यकर्म गर्ने स्थान छ/छैन ? छ भने धार्मिक नित्यकर्मका लागि मिलाईएको व्यवस्था कस्तो छ ?

(११) थुना कक्ष भित्र र बाहिरको सरसफाईको अवस्था र सरसफाई गर्ने / गराउने प्रबन्ध :

(१२) परिवारका सदस्य, आफन्त तथा कानुन व्यवसायीसँग भेटघाट गर्ने छुट्टा छुट्टै कक्ष छ/छैन ? छ भने यस्तो भेटघाटको गोपनियता तथा अन्य पुर्वाधारको अवस्था :

**ख. थुनुवाहरुको अवस्था**

(१) पुरुष तथा महिलालाई एउटै ठाँउमा राखिएको छ/छैन ? छ भने उनिहरुलाई राखिएको स्थान र अवस्था :

(२) बालबालिका र बयष्कलाई एउटै ठाँउमा राखिएको छ/छैन ? छ भने उनिहरुलाई राखिएको स्थान र अवस्था :

(३) लैङ्गिक तथा यौनिक अल्पसंख्यक थुनुवालाई थुनामा राखिएको अवस्था छ/छैन ? छ भने उनिहरुलाई राखिएको स्थान र अवस्था :

(४) थुनामा जेष्ठ नागरिक, विरामी र सुत्केरी थुनुवा छ/छैन ? छ भने उनिहरुलाई राखिएको स्थान र अवस्था :

**ग. खाना, पानी र सिधा**

(१) थुनामा रहेका व्यक्तिलाई खाना वापत सिधा खर्च उपलब्ध गराइएको छ/छैन :

(२) उपलब्ध गराएको भए तोकिए बमोजिमको खर्च उपलब्ध गराईएको छ/छैन :

(३) दिनमा कति पटक र के कस्तो खाना उपलब्ध गराइएको छ :

(४) पीउने पानी उपलब्ध गराइएको छ/छैन :

(५) उपलब्ध खाना र पीउने पानीको स्तर :

(६) खाना खाने स्थान छुट्टै छ/छैन :

(७) स्वास्थयको दृष्टीकोणबाट खाना खाने स्थान उपयुक्त छ/छैन :

(८) सिधा वापत प्राप्त सामाग्री वा रकम पुरै खानामा प्रयोग गरिएको छ/छैन :

(९) सिधा वापत प्राप्त रकम खानामा पुरै प्रयोग नभएको अवस्थामा त्यस्तो बाँकी रकमलाई अन्य कुन प्रयोजनमा र कसरी प्रयोग गरिएको छ :

(१०) खाना लगायत थुनुवालाई उपलब्ध हुने कानुन बमोजिमको अन्य सुविधा वापतको बजेट समयमै निकाशा भएको छ/छैन :

(११) थुना व्यवस्थापन सम्बन्धमा बजेट लगायत अन्य समस्याहरु :

**घ. स्वास्थ्य जाँच र औषधी उपचार**

(१) थुनामा रहेका व्यक्तिलाई समय समयमा स्वास्थ्य जाँचको प्रबन्ध छ/छैन :

(२) बिरामी भएमा तत्तकालै स्वास्थ्य जाँच र औषधी उपचार सेवा उपलब्ध हुने स्थान छ/छैन :

(३) स्वास्थ्य उपचार तथा आवश्यक औषधीहरु सहजै रुपमा उपलब्ध हुने गेरेको छ/छैन : .

(४) थुना केन्द्रमा गम्भीर प्रकृतीका बिरामीहरु (जस्तै कुष्ठरोग, क्षयरोग, एच.आइ.भि., हेपाटाइटिस बी तथा अन्य सरुवा रोग) लाई राख्ने अलग अलग कक्षको व्यवस्था छ/छैन :

(५) गम्भीर प्रकृतीका बिरामीहरु राख्ने कक्षको व्यवस्थापन कसरी गरिएको छ :

**ङ. सुत्ने स्थान**

(१) थुनुवालाई नियमित राख्ने र सुत्ने स्थान छुट्टा छुट्टै वा एउटै कस्तो छ :

(२) थुनुवाहरुलाई सुत्नको लागि प्रयाप्त स्थान छ/छैन :

(३) थुनुवाहरुको सुत्ने स्थानको सरसफाईको अवस्था :

(४) सुत्नको लागि मौसम अनुकुलका लुगाकपडा, खाट तथा झुलहरुको प्रबन्ध छ/छैन :

(५) थुनुवाको लागि सुत्नमा प्रयोग गरिएको स्थानको सुरक्षा अवस्था :

**च. कसरत, पत्रपत्रिका तथा अध्ययन**

(१) कसरतका लागि व्यायमशाला वा निश्चित स्थानको व्यवस्था छ/छैन :

(२) पत्रपत्रिका, टेलिफोन, रेडियो, टेलिभिजन जस्ता नियमित समाचार तथा संचार सेवा उपलब्ध गराउने गरिएको छ/छैन :

(३) अध्ययन गर्ने चाहनेका थुनुवाका लागि पुस्तक तथा अन्य आवश्यक सामाग्री उपलब्धताको प्रबन्ध :

(४) सि. सि. क्यामराको व्वस्था छ/छैन :

**<u>छ. भेटघाट कक्ष एवं भेटघाटसम्बन्धी प्रबन्ध</u>**

(१) थुना केन्द्र तथा कारागारमा थुनुवा र आफन्त बीचको भेटघाटका लागि छुट्टै भेटघाट कक्ष छ/छैन :

(२) भेटघाट गर्न दिने गरिएको छ/छैन :

(३) भेटघाट कक्ष भएको भए सुरक्षित छ/छैन :

(४) भेटघाट गर्दा को को बस्ने प्रबन्ध मिलाइएको छ :

(५) थुनामा राखिएको व्यक्तिले परिवारका सदस्य, आफन्त तथा साथीभाइसँग भेटघाट गर्न पाएको छ/छैन वा भेटघाट गर्न दिने गरिएको छ/छैन :

(६) थुनामा राखिएको व्यक्तिको नजिकको आफन्त/परिवारको नाम, थर, ठेगाना तथा सम्पर्क फोन नम्बर समेतको अभिलेख थुनामा राख्ने कार्यालयले राख्ने व्यवस्था गरेको छ/छैन :

(७) प्रत्येक थुना केन्द्र तथा कारागारमा थुनुवा सहयोग कक्ष (Help Desk) को व्यवस्था छ/छैन :

(८) हेल्प डेस्क रहेको भए त्यस्तो डेस्कले थुनामा रहेका व्यक्तिको आफन्त वा आगन्तुकलाई परामर्श गर्ने व्यवस्था मिलाएको छ/छैन :

(९) थुनामा रहेका व्यक्तिले आफन्तसँग भेटघाट गर्न चाहेमा भेटघाटको अवसर उपलब्ध गराईदिने व्यवस्था छ/छैन :

(१०) विदेशी नागरिक थुनुवाको त्यस्तो व्यक्तिलाई सम्बन्धित मुलुकको कुटनीतिक नियोगका प्रतिनिधिले भेट गर्न चाहेमा त्यस्तो भेटघाट उपलब्ध गराउने व्यवस्था छ/छैन :

(११) भेटघाट गरेको व्यक्ति, भेटघाट गरेको मिति र समयसहितको आवश्यक बिवरणहरु आगन्तुक पुस्तिकामा राख्ने व्यवस्था छ/छैन :

(१२) थुनामा रहेका व्यक्तिले नजिकको आफन्तसँग भेटघाट गर्न चाहेको अवस्थामा त्यस्तो आफन्तलाई सम्पर्क तथा जानकारी दिने व्यवस्था छ/छैन :

(१३) थुनामा रहेको व्यक्तिलाई समान्यतया हप्ताको २ पटकसम्म आफन्तसँग भेटघाट गर्न दिने व्यवस्था गरिएको छ/छैन :

(१४) पारिवारीक मिलन वा प्रजनन अधिकार उपभोगका लागि छुट्टै र उपयुक्त गोप्य कक्षको व्यवस्था छ/छैन :

**ज. कानुन व्यवसायीसँगको भेटघाट**

(१) थुनुवाले कानुन व्यवसायीसँग भेटघाट तथा परामर्श गर्न पाएको छ/छैन :

(२) कानुन व्यवसायीसँग भेटघाट तथा परामर्श गर्ने निश्चित समय निर्धारण गरिएको छ/छैन :

(३) कानुन व्यवसायीसँग भेटघाट परामर्श गर्न चाहेमा त्यस्तो भेटघाट परामर्श गर्ने अवसर उपलब्ध गराउने व्यवस्था छ/छैन :

(४) थुनामा रहेका व्यक्तिले भेटघाट गरेको कानुन व्यवसायीको नाम, ठेगाना र प्रमाण पत्र नं. उल्लेख गरि अभिलेख राख्ने व्यवस्था गरिएको छ/छैन :

**झ. हत्कडी**

(१) थुनामा लिइएको व्यक्तिलाई कस्तो कस्तो अवस्था र स्थानमा हत्कडी लगाउने गरिएको छ:

(२) हिरासत कक्षमा हत्कडी लगाउने गरिएको छ/छैन :

(३) हिरासत कक्षभित्र हत्कडी लगाउने गरिएको भए सो कार्य नियमित अनियमित कस्तो छ :

(४) हिरासत कक्षभित्र हत्कडी लगाउने गरिएको भए यस्तो हत्कडी लगाएको अवस्थाको अवलोकन र हत्कडी लगाउनु पर्ने कारणबारे जानकारी लिने :

**ञ. पक्राउ तथा थुनुवा पूर्जि**

(१) पक्राउ गर्नु अघि तथा थुनामा राख्नु अघि प्रचलित कानुनबमोजिम पक्राउ र थुनुवा पूर्जि दिईएको छ/छैन :

(२) पक्राउ तथा थुनुवा पूर्जि नदिईएको भए सो नदिनुका कारण :

**ट. स्वास्थ्य जाँच**

(१) हिरासतमा थुनामा राखिएको व्यक्तिको हिरासतमा राख्दा र छोड्दा स्वास्थ्य जाँच गरिएको छ/छैन :

(२) स्वास्थ्य जाँच गरेको भए त्यस्तो जाँचको अभिलेख राखिएको छ/छैन :

(३) स्वास्थ्य जाँच गरिएको अस्पताल, स्वास्थ्य जाँच गर्ने स्वास्थ्यकर्मी र प्रभावकारीता :

**ठ. थुनामा नावालकको हेरचाह**

(१) थुनामा रहेको कुनै महिलाको नाबालक छोराछोरी छन/छैनन् :

(२) थुनामा रहेको कुनै महिलाको थुना केन्द्रमा छोराछोरी जन्मेको छ/छैन :

(३) थुनामा रहेको महिलाको नाबालक छोराछोरीहरु भए निजहरुको हेरचाह, पालनपोषण थुना केन्द्र वा बाहिर कहाँ भैरहेको छ : त्यस्तो हेरचाह, पालपोषण थुनुवा आमाले वा अन्य कसले गरेको छ :

(४) थुनुवा आमाप्रति आश्रित नाबालक छोराछोरीहरु रहेको भए त्यस्ता छोराछोरीहरुको हेरचाह, शिक्षा दिक्षा र पालनपोषणको अवस्था र व्यवस्था के कस्तो रहेको छ :

(५) थुना केन्द्रभित्र थुनुवासँगै रहेका बालबालिकाहरुको लागि आवश्यक पोषणयुक्त खानेकुरा, सुत्ने तथा खेल्ने प्रयाप्त स्थान र अवसर उपलब्ध छ/छैन :

**ड. थुनामा रहेको व्यक्तिको मृत्यु भएमा**

(१) थुनामा रहेको कुनै व्यक्तिको मृत्यु भएको छ/छैन :

(२) मृत्यु भएकोमा शवपरिक्षण भए नभएको, लाशजाँच तथा घटनास्थल प्रकृती मुचुल्का भएको छ/छैन :

(३) मृत्यु कुनै बिरामीका कारण भएको भए सो बारे मृतकका परिवारलाई जानकारी दिइएको थियो/थिएन :

(४) मृत्यु पश्चात घटनाबारे तत्तकाल मृतक परिवारलाई जानकारी दिइएको छ/छैन :

(५) थुनामा मृत्यु भएको व्यक्तिलाई थुनामा राख्न पठाउने निकायलाई उक्त मृत्युबारे जानकारी दिइएको छ/छैन :

(६) थुनास्थल भित्र भएको मृत्युको बारेमा कुनै अनुसन्धान छानविन भएको छ/छैन :

(७) मृतकको साथमा रहेको सम्पती हकवालालाई दिईयो, सरकार आम्दानीमा बाधियो वा के गरियो :

**ढ. म्याद भन्दा बढी थुनामा राख्ननहुने सम्बन्धमा**

(१) म्याद तोकिई थुनामा रहेका थुनुवालाई म्याद पुगेपछि र अधिकार प्राप्त अधिकारीबाट थुनामुक्त गर्ने आदेश भए पधि थुनामुक्त गरिएको छ/छैन :

(२) कसैलाई तोकिएको समयभन्दा बढी थुनामा राखिएको भए त्यस्तो थुनामा राख्ने अधिकारीलाई विभागीय कारवाही भयो/भएन :

(३) पुनरावेदन अदालतका मुख्य न्यायाधिश वा न्यायाधिशले निरिक्षण गरी निर्देशन दिएकोमा सो निर्देशनको पालना भयो/भएन :

(४) यस निर्देशिका बमोजिम कुनै किसिमको निर्देशन जारी भएको तथा सिफारीस गरिएको अवस्था भए सो निर्देशन तथा सिफारीसको कार्यान्वयन भएको छ/छैन :

**ण. फरक किसिमको शारीरिक तथा मानसिक सक्षमता भएका थुनुवाहरुको अभिलेख**

(१) थुनामा रहेका फरक किसिमको शारीरिक तथा मानसिक सक्षमता भएका थुनुवा व्यक्तिहरुको सक्षमताको प्रकार :

(२) उल्लेखित किसिमका थुनुवाहरुको संख्या, लिङ्ग र उमेर :

(३) फरक किसिमको शारीरिक तथा मानसिक सक्षमता भएको व्यक्तिमैत्री थुना कक्षको व्यवस्था भए/नभएको :

(४) फरक किसिमको शारीरिक तथा मानसिक सक्षमता भएको व्यक्तिमैत्री शिक्षा, स्वास्थ्य र मनोरञ्जनसम्बन्धी व्यवस्था भए/नभएको :

(५) फरक किसिमको शारीरिक तथा मानसिक सक्षमता भएको थुनुवालाई कुनै विशेष सहुलियत वा सुविधा प्रदान गरिएको भए सो कुरा

**त. अन्य**

(१) माथी उल्लेखित विषयहरु भन्दा थप कुनै खास अवस्था, गम्भीर समस्या र उल्लेखनिय अभ्यास रहे भएको भए सो विषयहरुको समेत अनुगमन निरिक्षण गर्ने तथा प्रतिवेदनमा उल्लेख गर्ने :